प्रस्तावनाः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी यस ताप्ली गाउँपालिकाको नाममा रहेको CASE कम्पनीको व्यक हु लोडर थान १ र Indofarm कम्पनीको ट्र्याक्टर थान १ प्रयोग गर्दा आम्दानी भन्दा खर्च बढि भई सञ्चालन गर्न कठिन भएकोले र यस ताप्ली गाउँपालिकाको कार्यालयको नाममा रहेको २ थान कृषि एम्बुलेन्स मध्ये १ थान कृषि एम्बुलेन्स कृषि तथा बहुउद्देशीय सहकारीबाट सञ्चालन गर्दा किसानहरु थप बढि लाभान्वित हुने देखि यी सवारी साधनहरु भाडामा लगाउन वाञ्छनीय भएकोले ताप्ली गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम "**ताप्ली गाउँपालिकाको सवारी भाडामा दिने सम्बन्धी कार्यविधि २०८१**" रहेको छ ।

ख) यो कार्यविधि मिति २०८१/११/२८ देखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) कार्यविधि भन्नाले "**ताप्ली गाउँपालिकाको सवारी भाडामा दिने सम्बन्धी कार्यविधि २०८१**"लाई सम्झिनु पर्छ ।

ख) गाउँपालिका भन्नाले यस ताप्ली गाउँपालिका सम्झनु पर्छ ।

ग) कार्यपालिका भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

घ) गाउँपालिका अध्यक्ष भन्नाले ताप्ली गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

ङ) गाउँपालिका उपाध्यक्ष भन्नाले ताप्ली गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

च) प्रमुख प्रशासकीय अधिकृत भन्नाले ताप्ली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

छ) राजश्व शाखा भन्नाले ताप्ली गाउँपालिकाको राजश्व शाखा सम्झनु पर्छ ।

ज) बैंक भन्नाले ताप्ली गाउँपालिकाको नाममा रहेको राजश्व खाता सञ्चालन भएको बैंक सम्झनु पर्छ ।

झ) सवारी भन्नाले यस ताप्ली गाउँपालिकाको नाममा रहेको CASE कम्पनीको ब्याक हु लोडर थान १, Indofarm कम्पनीको ट्र्याक्टर थान १ र TATA कप्पनीको प्रदेश नं ०१-००५-००१ झ-००१० नं को सिङ्गल क्याब YODDHA गाडीलाई सम्झनु पर्छ ।

ञ) पहिलो पक्ष भन्नाले गाउँपालिकाको कार्यालय सम्झनु पर्छ ।

ट) दोश्रो पक्ष भन्नाले सवारी भाडामा लिने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

## परिच्छेद-२

## भाडामा लगाउने सम्बन्धी व्यवस्थाः

३. सवारीको भाडा पहिलो पटकको लागि कार्यपालिकाले तोकेको न्यूनत रकमको आधारमा हुनेछ । यसेतो भाडा वापतको रकम गाउँ कार्यपालिकाले आवश्यकता र औचित्यताको आधारमा हेरफेर गर्न सक्नेछ । यसरी हेरफेर गर्दा भाडा सम्झौता भएको पक्ष नै राजी भएमा सोहि पक्षले र राजी नभएमा पुन सूचना गरी भाडामा लगाउनु पर्नेछ ।

४. सवारी भाडामा लगाउनको लागि कार्यपालिलकाको कार्यालयले न्यूनतम् ७ दिनको सूचना कार्यालयको सूचना पाटीमा र वेवसाइटमा प्रकाशन गर्नेछ ।

५. भाडाको दर सूचना बमोजिम इच्छुक व्यक्ति वा संस्थाबाट मोल बढाबढको आधारमा कायम भएको अधिकतम् बोलकबोलको रकम हुनेछ ।

६. सवारी भाडामा लिएको व्यक्ति वा संस्थाले भाडा वापतको रकम हरेक महिनाको ७ गते भित्रमा अनिवार्य रुपमा गाउँपालिकाको राजश्व शाखामा बुझाउनु पर्नेछ ।यसरी प्राप्त भएको रकम आम्दानी बाँधी राजश्व शाखाले सोहि दिन वा सम्भव नभएमा भोलि पल्ट अनिवार्य रुपमा बैंकमा दाखिला गर्नु पर्नेछ ।

७. प्रथम पक्ष र दोश्रो पक्षबिचको सम्झौता भंग भई सवारी फिर्ता आएमा प्रथम पक्षले पुनः सूचना प्रकाशन गरी भाडामा लगाउनु पर्नेछ ।

८. प्रदेश नं १-०१-००५-००१ झ ००१० नं सिङ्गल क्याब योद्धा गाडीको हकमा कृषि तथा बहुउद्देशीय सहकारी संस्थाले मात्र भाडामा लिन आवेदन दिन सक्नेछ ।

९. सवारी भाडामा लगाउनु पुर्व प्रथम पक्ष र दोश्रो पक्षबिच सम्झौता गर्नु पर्नेछ ।

१०. सवारी भाडामा लिने दोश्रो पक्षले सम्झौता भएको मितिले २ बर्ष सम्म सम्झौता भंग गर्न पाउने छैन ।

११. सवारीको दुरुपयोग भएको भनि कार्यपालिकाले निर्णय गरेमा दोश्रो पक्षलाई सार्वजनिक सम्पत्ति दुरुपयोग सम्बन्धी कसुरमा कानुनी कारबाहीको प्रक्रियामा नगिनेछ ।

## परिच्छेद-३

## मर्मत, विमा र नवीकरण सम्बन्धी व्यवस्थाः

१२. सवारी साधनको सम्पुर्ण मर्मत दोश्रो पक्षले नै गर्नु पर्नेछ ।

१३. भाडामा लिएको सवारीको सम्झौता भंग भएमा दोश्रो पक्षले प्रथम पक्षबाट जुन अवस्थामा सवारी भाडामा लिएको हो सोहि अवस्थामा बुझाउनु पर्नेछ ।

१४. सवारीको विमा र नवीकरण गर्ने दायित्व प्रथम पक्षको हुनेछ ।

## परिच्छेद-४

## विविध

१५. दोश्रो पक्षले सवारी साधनको विषयमा बनेका मौजुदा कानुनको पूर्ण परिपालना गर्नु पर्नेछ ।

१६. कानुन विपरित भएको सम्पुर्ण कार्यको जिम्मेवारी दोश्रो पक्षले लिनु पर्नेछ ।

१७. कुनै दुर्घटना भएमा सवारी विमाले बेहोर्ने भन्दा बाहेकका सबै दायित्व दोश्रो पक्षले बेहोर्नु पर्नेछ ।

१८. कार्यपालिकाले यस कार्यविधिको संशोधन तथा खारेजी गर्न सक्नेछ ।

१९. यस कार्यविधि बमोजिम सवारी भाडामा लगाई सञ्चालन गर्दा आएको बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

२०. यस कार्यविधिमा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।